# कार्यक्रम-१

## "Impact of Technology and Need for AI on Judicial Ethics: Revisiting Banglore Principles on Digital Age" विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रम

यस न्यायाधीश समाज, नेपालले काठमाडौं उपत्यकाका विभिन्न अदालत मा कार्यरत रहनु भएका सबै माननीय न्यायाधीशज्यूहरुको लागि मिति २०८० साल कात्तिक २३ गते, विहिबार, होटल हिमालय, कुपण्डोलमा आयोजित **"Impact of Technology and Need for AI on Judicial Ethics: Revisiting Banglore Principles on Digital Age"** विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता समाजका अध्यक्ष एवम् सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री सपना प्रधान मल्लज्यूले गर्नु भएको थियो । प्रमुख अतिथिको रुपमा सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भर प्रसाद श्रेष्ठज्यू, अतिथिको रुपमा सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडाज्यू तथा माननीय न्यायाधीशज्यूहरु रहनु भएको थियो । कार्यक्रममा समाजका उपाध्यक्ष एवम् सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठज्यूले स्वागत मन्तव्य सहीत कार्यक्रमको उद्देश्यमाथी प्रकाशन पार्नु भएको थियो ।

कार्यक्रममा सर्वोच्च अदालतका निर्वतमान माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हाज्यूले **"Impact of Technology and Need for Artificial Intelligence on Judicial Ethics: REVISITING BANGALORE PRINCIPLES ON DIGITAL AGE"** विषयमा कार्यपत्र प्रस्तु गर्नु भएको थियो । कार्यपत्र माथि सहभागि माननीय न्यायाधीशज्यूहरुले राख्नु भएको जिज्ञासाको जवाफ पेनालिष्टमा रहनु भएका अध्यक्षज्यू एवम् वरिष्ठतमा माननीय न्यायाधीशज्यू र कार्यपत्र प्रस्तोताज्यूले दिनु भएको थियो । कार्यक्रमको सञ्चालन समाजका महासचिव माननीय न्यायाधीश श्री टेकनारायण कुँवरले गर्नु भएको थियो ।

साथै, उक्त कार्यक्रमको अवसरमा निवर्तमान माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हाज्यूको सेवा निवृत्त जीवन सुखद रहोस भनी कामना सहित सम्मान पत्रका साथ सम्मान गरिएको थियो ।